केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिको बैठक, २०७८ मंसिर ८ गते

निर्णयहरू:

१. सेवा प्रवाह सम्बन्धी कार्य गर्ने मन्त्रालयले सेवा प्रवाहलाई सहज, चुस्त, दुरुस्त र व्यवस्थित बनाउनका लागि प्रभावकारी ढङ्गबाट मातहतको निकाय/कार्यालयहरूको नियमित अनुगमन गर्ने व्यवस्था मिलाउने,

२. सम्बन्धित मन्त्रालयले अनुगमन तथा मूल्याङ्कनको कार्यतालिका बनाउने,

३. ठूला, समस्या ग्रस्त, अन्तर समन्वय आवश्यक पर्ने, उत्पादकत्व वृद्धि गर्ने र रणनैतिक महत्वका योजना, आयोजना र कार्यक्रमको प्रत्येक महिना कम्तीमा एकवटाको स्थलगत निरीक्षण गर्ने। यसमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिवको संयोजकत्वमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सचिव र सम्बन्धित मन्त्रालय/निकायको सचिव सहितको टोली सहभागी हुने कार्यतालिकाको व्यवस्था सम्बन्धित मन्त्रालयले मिलाउने।

४. स्थलगत भ्रमण गर्दा सम्बन्धित स्थानीय तहसँग समेत आवश्यक समन्वयमा जोड दिने,

५. बागमती प्रदेश सरकारको आर्थिक वर्ष ०७७/७८ को एकीकृत जिन्सी प्रतिवेदनसँग आ-आफ्नो मन्त्रालय/निकायको जिन्सी प्रतिवेदन भिडान गरी तथ्यपरक विवरण आ-आफ्नो वेबसाइट मा अनिवार्य प्रकाशन गर्ने,

६. महालेखा परीक्षकको कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायतका संवैधानिक निकायबाट माग भई आएका विषयको सम्बोधन यथाशीघ्र गर्ने र सो निकायहरूले विभिन्न समयमा उठाइएका विषयहरूको समेत अध्ययन गरी प्रतिवेदन तयार गर्ने,

७. एक मन्त्रालय/निकायबाट अर्को मन्त्रालय वा निकायलाई जिन्सी सामाग्री हस्तान्तरण गरे पश्चात मात्र बुझाउने,

८. मन्त्रालय/निकायहरुले मालसामन खरिद गर्दा पारदर्शी र मितव्ययी हुने गरी प्रचलित खरिद सम्बन्धी कानूनको परिधि भित्र रही गर्ने र पारदर्शिता एवम् जवाफदेहिता प्रवर्धन गर्न प्रत्येक ३/३ महिनामा खरिद सम्बन्धि विवरण वेवसाइटमा नियमित प्रकाशन गर्ने व्यवस्था मिलाउने,

९. प्रत्येक महिना बस्ने केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिको बैठकमा यस सम्बन्धमा भएका कार्य सम्पादनको अवस्थाको बारेमा जानकारी गराउने,

१०. सम्पादित कार्यको प्रगति विवरण प्रत्येक महिनामा समबन्धित मन्त्रालयको सचिवले माननीय मन्त्रीज्यू समक्ष प्रगति र अवस्थाको बारेमा जानकारी गराउने प्रबन्ध मिलाउने।

प्रमुख सचिव